# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक २४८ | काठमाडौं | शुक्रबार, १९ पुस २०८१ | Prabhab National Daily | Friday, January 03, 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## पार्टीमा एक्लिँदै गएपछि ओलीको छटपटी

- पार्टीमा गुटबन्दी बढेको भन्दै पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीसँग ओलीले मागे सहयोग
- भण्डारीले सोधिन् भीम रावल, विन्दा पाण्डे र उषाकिरण तिम्सिनालाई कारबाही गर्नुको कारण
- ओलीलाई 'सरप्राइज एक्जिट' दिने तयारीमा एमाले नेताहरु



प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली र पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीबीच बिहीबार भण्डारीनिवास भंगालमा भएको भेटवार्ता । *तस्विरः प्रधानमन्त्रीको सचिवालय*

■ प्रभाव संवाददाता

**काठमाडौं–** सत्ताको नेतृत्व सम्हालिरहेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली पार्टीमा एक्लिँदै गएका छन् । पार्टीमा निरंकुशता बढाउँदै गएपछि अधिकांश नेता ओलीविरुद्ध बलियो प्रतिपक्षको खोजीमा भौतारिएको देखिन्छन् ।

यहीबेला एकपटक पार्टीको नेतृत्व गर्ने गरी अघि बढ्ने योजनामा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी लाग्दा नेताहरूमा हौसला बढेको दोस्रो तहका नेताहरू नै बताउँछन् । यसैकारण होला, पछिल्लो समय भण्डारी निवास भंगालमा एमाले नेताहरूको लर्को लाग्न थालेको छ । 'पार्टीमा ओलीको निरंकुशता बढ्दै गएको छ । उनीविरुद्ध मुख खोल्न नसके पनि नेताहरू ध्रुवीकरणमा लागेका छन् । यसका लागि पूर्वराष्ट्रपतिसँग भेट्न भंगाल धाउनेको भीड छ,' भण्डारीनिकट एक नेताले भने ।

हालै पार्टीबाट निष्कासनमा परेका नेता भीम रावल पनि भण्डारीलाई साथ दिनेगरी अघि बढेको बताइएको छ । उनै रावलले पत्रकार सम्मेलन गरी ओलीमाथि ७४ प्रश्न सोध्नासाथ ओली पूर्वराष्ट्रपति भेट्न भंगाल पुगेका हुन् । बिहीबार साढे १२ बजेका लागि बोलाइएको सचिवालय बैठक रोकेर ओली भंगाल पुगेका थिए । भंगालमा रहेको पूर्वराष्ट्रपति निवासमा पुगेर ओलीले भण्डारीको आगामी रणनीतिबारे बुझ्दै आफूलाई सघाउन आग्रह गरेको बताइएको छ ।

> 'पूर्वराष्ट्रपति भण्डारीज्यूले रावललाई कारबाही गर्नुको कारण सोध्नुभयो । अध्यक्षज्यूले पार्टीमा गुटबन्दी बढेकोले सहयोग गर्न अनुरोध गर्नुभयो ।'

भेटमा ओलीले पार्टीमा बढेको ध्रुवीकरणबारे प्रश्न राखेका थिए । यता भण्डारीले भने रावललाई कारबाही गरिनुको कारण सोधेकी थिइन् । 'पूर्वराष्ट्रपतिले रावललाई कारबाही गर्नुको कारण सोध्नुभयो,' प्रधानमन्त्रीको सचिवालयले भन्यो, 'अध्यक्षज्यूले पार्टीमा गुटबन्दी बढेकोले सहयोग गर्न भण्डारीलाई अनुरोध गर्नुभयो ।'

ओलीले हालै भण्डारीनिकट दुई नेता डा. विन्दा पाण्डे र उषाकिरण तिम्सेनालाई पनि छ महिनाका लागि पार्टीबाट निष्कासन गरेको छ । सचिवालय बैठकपछि एमाले उपमहासचिव प्रदीप पौडेलले भने रावलको आरोपपत्र माओवादी अध्यक्ष पुष्पकमल दाहालकै आलोचनाको 'कपी पेस्ट' भएको र उनलाई पार्टीमा राखिरहन नहुने पुष्टि भएको तर्क गरे । '२०७७ कात्तिकमा लगभग यिनै भाषामा प्रचण्डले तत्कालीन नेकपा अध्यक्ष केपी शर्मा ओलीलाई यही भाषामा यही तरिकाले आरोप लगाउनुभएको थियो,' ज्ञवालीले भने, 'कपी पेस्ट नै हो । यसले उहाँभित्र कति नकारात्मकता रहेछ भन्ने कुरा प्रस्ट भएको छ ।' ज्ञवालीले गालीगलौजले देश नबन्ने पाठसमेत रावललाई सिकाए ।

पुस २१ र २२ गतेका लागि बस्ने केन्द्रीय कमिटीको तयारीका लागि छलफल गर्न सचिवालय बैठक डाकेको हो ।

### नेताहरुबीच तीव्र ध्रुवीकरण

एमालेका नेताहरू अध्यक्ष ओलीप्रति तीव्र असन्तुष्टि जनाइरहे पनि सार्वजनिकरूपमा विरोधमा उत्रन सकेका छैनन् ।

क्रमशः पृष्ठ २ मा

सेरा दरबारको जग्गा हिनामिना प्रकरण

## छानबिनमा सघाउने दाहालको प्रतिबद्धता




सेरा दरबारमा कानुनविपरीत काम भएको छ भने फिर्ता ल्याउनुपर्छ । म सरकारलाई सहयोग र धन्यवाद दिन तयार छु ।

■ **पुष्पकमल दाहाल**
अध्यक्ष, माओवादी केन्द्र



सेरा दरबारको जग्गासम्बन्धी विषयमा गम्भीरतापूर्वक अनुसन्धान भइरहेको छ । र, कानुनबमोजिम कारबाही अघि बढ्छ । गलत ढंगले व्यक्तिको नाममा गएको भए फिर्ता हुन्छ ।

■ **रमेश लेखक**
गृहमन्त्री



■ जेबी योञ्जन

**काठमाडौं–** पृथ्वीनारायण शाह नुवाकोट विजयपछि कीर्तिपुर आक्रमणको तयारीमा थिए । त्यहीबेला युवराज प्रताप शाहको रेखदेखमा नुवाकोटको तादी किनारमा पर्ने सेरामा दरबार बन्दै थियो ।

अनुसन्धाताद्वय धनबज्र बज्राचार्य र टेकबहादुर श्रेष्ठका अनुसार जुन शीतकालिक दरबार थियो । नुवाकोट डाँडाको दरबारचाहिँ ग्रीष्मकालिक दरबार हो । मौसमअनुसार दरबार बनाउने तत्कालीन परम्परालाई निरन्तरता दिँदै पृथ्वीनारायण शाहले दुवै मौसममा बस्न मिल्ने भिन्नभिन्नै दरबार बनाउन लगाएका थिए ।

त्यसरी निर्मितमध्ये सेरा दरबारमा पृथ्वीनारायण जाडोयाममा बस्थे । वर्षायाममा गर्मी अधिक हुनाले उनी गोरखा राज्यको राजधानीसमेत रहेको नुवाकोट डाँडामा रहेको सातत‌ले दरबार जान्थे । दरबारको आवश्यकताबारे अनुसन्धानपत्रमा थप भनिएको छ, 'नुवाकोट प्रदेशको भौगोलिक अवस्थाले गर्दा पनि दरबारको आवश्यकता परेको थियो । नुवाकोट बेसीमा ग्रीष्ममा मधेसमा जस्तै गर्मी हुन्छ । यसकारण ग्रीष्मकालमा बेसीमा बस्नु केही कष्टकर छ । माथि डाँडामा भने त्यति गर्मी हुँदैन । हावा राम्ररी लागि रहने हुँदा केही शीतल नै हुन्छ । जाडोको समयमा भने डाँडामा भन्दा तल बेंसीमा बस्नु आरामदायक हुन्छ ।' प्राप्त अभिलेखलाई आधार मान्दा सेरा दरबार निर्माण १९२२ मा भएको हो । यही दरबारमा पृथ्वीनारायण शाहले जीवनको अन्तिमकालमा भाइभारदारलाई दिव्योपदेश दिएको दाबी पनि अनुसन्धाताद्वय बज्रचार्य र श्रेष्ठको छ ।

'रोगले शरीरलाई गाल्दै ल्याए पनि भाइ भारादारहरू भेला गरी उक्त उपदेश श्री ५ पृथ्वीनारायण शाहले दिएथे, जुन उपदेश नेपाली मात्रको लागि प्रेरणाप्रद, पथप्रदर्शक रूपमा रहन पुगेको छ,' पृथ्वीनारायण शाहको नुवाकोट-माडी दरबारसम्बन्धी अनुसन्धानपत्रमा उल्लेख छ, 'यसो हुँदा जसलाई दिव्य उपदेशको संज्ञा पनि दिइन थालियो । यसरी दिव्य उपदेश दिइएको ऐतिहासिकस्थल यही नुवाकोट माडी दरबार देखिएको हुनाले यस दरबारको ऐतिहासिक महत्त्व अझ बढी रहेको स्पष्ट छ ।'

यसले गर्दा सेरा दरबार ऐतिहासिक हो । पुरातात्त्विक दृष्टिले पनि महत्त्वपूर्ण छ । दस्तावेजहरूका आधारमा राणा प्रधानमन्त्री जुद्दशमशेरको पालामा दरबारको पुनर्निर्माण भएको थियो । तर, यतिबेला दरबारको १६४ रोपनी जग्गा नाटकीय रूपमा विकेश श्रेष्ठको परिवारले लिएको छ । माओवादीहुँदै हाल मोहन वैद्य नेतृत्वको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालमा आबद्ध छन् । यसअघि उनी माओवादी अध्यक्ष पुष्पकमल दाहाल पहिलोपटक (२०६५) सालमा प्रधानमन्त्री हुँदा उनको स्वकीय थिए ।

उनै श्रेष्ठ र उनको परिवारले हदबन्दीमाथिको दरबारको जग्गा जोगाउन राजपरिवारका सदस्यहरूले खोलेको कम्पनीको स्वामित्व नै नाटकीय रूपमा लिएका छन् । हाल सेरा दरबार नुवाकोटको विदुर नगरपालिका-२ मा पर्छ ।

क्रमशः पृष्ठ २ मा

सन्दर्भः वैदेशिक रोजगार

इपिएसमार्फत कोरिया जाने कामदारलाई राहत

## हवाई टिकट ५५ हजारमै उपलब्ध हुने

■ प्रभाव संवाददाता

**काठमाडौं–** रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत दक्षिण कोरियामा रोजगारीका लागि जाने कामदारले हवाई भाडामा राहत पाउने भएको छ । महँगोमा टिकट खरिद गरेर जानुपर्ने बाध्यता हट्ने भएपछि कामदारलाई राहत हुने भएको हो ।

वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले हवाई टिकटका लागि युनिभर्सल टुर्स एण्ड ट्राभल्स प्रालिको प्रस्ताव स्वीकृत गरेको छ । यससँगै कोरिया जाने नेपाली कामदारलाई उक्त ट्राभल्सले ५४ हजार ९९१ रूपैयाँमा टिकट उपलब्ध गराउने बुधबार इपिएस कोरिया शाखाले जारी गरेको सूचनामा उल्लेख छ ।

शाखाका अनुसार उक्त रकममा भ्याटसमेत समावेश गरिएको छ । उक्त ट्राभल्सले भ्याटबाहेक ४८ हजार ६४५ रूपैयाँको प्रस्ताव पेस गरेको थियो । यसअघि कोरिया जाने कामदार एक लाख २३ हजार रूपैयाँसम्म हवाईभाडा तिर्नुपर्ने बाध्यतामा परेका थिए ।

कोरिया शाखाका अनुसार यसअघि सीधा उडानमार्फत कामदार लैजाँदै आएकोमा अब ट्रान्जिट राखेर लैजाने भएको छ ।

क्रमशः पृष्ठ २ मा




### एक वर्षमा १० हजार नेपाली कामदार पुगे कोरिया

गएको एक वर्षमा रोजगार अनुमति प्रणाली (इपिएस) मार्फत १० हजारभन्दा बढी नेपाली कामदार दक्षिण कोरिया पुगेको तथ्यांकमा देखिएको छ । गत वर्ष पुसदेखि चालु आर्थिक वर्षको मंसिर मसान्तसम्म १० हजार ३७१ नेपाली कामदार इपिएसमार्फत त्यहाँ पुगेका हुन् ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार गत वर्ष माघमा सबैभन्दा बढी एक हजार ४९४ नेपाली रोजगारीका लागि इपिएसमार्फत कोरिया पुगेका थिए । त्यसअघि पुस महिनामा एक हजार २९४ कामदार कोरिया पुगेको तथ्यांक छ ।

यसैगरी गत भदौ महिनामा एक हजार ३२ जना, असारमा एक हजार तीन जना इपिएसमार्फत कोरिया पुगेको तथ्यांकमा देखिन्छ । गत वर्ष फागुनमा ५६३ जना, चैतमा ४७१ जना, गत वैशाखमा ६३४ जना, जेठमा ७२३ जना, साउनमा ६६८ जना, असोजमा ८४० जना, कात्तिकमा ६७० जना र पछिल्लो महिना मंसिरमा ९७९ जना इपिएस भाषा परीक्षा उत्तीर्ण गरी कोरिया रोजगारीका लागि पुगेको विभागको तथ्यांक छ ।

दक्षिण कोरिया नेपालीहरूको आकर्षक रोजगार गन्तव्यको रूपमा रहेको छ । नेपाल सरकार र कोरिया सरकारबीचको सम्झौताका आधारमा कामदार रोजगारीका लागि पठाउने गरिएको छ । आकर्षक आम्दानी हुने र लागत शुल्कसमेत नलाग्ने भएको हुँदा कोरिया जान इच्छुक युवाहरू ठूलो संख्यामा रहेका छन् ।


जनहितमा जारी सन्देश

**जाडोमा आगो ताप्दा, हिटर चलाउँदा वा गिजरको प्रयोग गर्दा अपनाउनु पर्ने सावधानीहरू**

जाडो याममा शरीर वा कोठालाई न्यानो बनाइराख्न आगो ताप्ने, हिटर बाल्ने, गिजरको प्रयोग गर्ने लगायतका उपायहरू गरिए पनि पर्याप्त सावधानी नअपनाउँदा अप्रिय घटनाहरू हुने गरेका छन्। त्यसैले त्यस्ता कार्य गर्दा सावधानीका निम्न उपायहरू अपनाऔं:

- हावा ओहोरदोहोर हुने ठाउँ वा कोठामा मात्र आगो ताप्ने, हिटर बाल्ने वा गिजर प्रयोग गर्ने
- कोइलाजन्य स्रोतबाट सकेसम्म आगो नतापौं
- आगो ताप्दा वा हिटर बाल्दा कागज, कपडा जस्ता छिटो जल्ने खालका सामाग्री नजिकै नराखौं
- आगो तापिसकेपछि त्यसलाई पूर्ण रूपमा निभाउने गरौं
- हिटरको प्रयोग गर्दा समय-समयमा चलिरहेको हिटरलाई बन्द गर्ने गरौं
- सुत्नुअघि अनिवार्य रूपमा हिटर बन्द गरौं
- गिजरको मुख्य मेसिनलाई बाथरूम बाहिर खुला ठाउँमा जडान गरौं
- गिजर खोलेर लामो समयसम्म बाथरूममा बस्ने नगरौं
- गिजर प्रयोग गरेर नुहाउँदा संभव भएसम्म बाथरूमको झ्याल बन्द नगरौं

प्रभाव दैनिक | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा-७, सिफल, काठमाडौं

# विद्यालयमा स्वास्थ्य दूत नियुक्त गरिने

**काठमाडौं (प्रस)**– विद्यालयमा स्वास्थ्य सचेतना फैलाउनका लागि विद्यालय स्वास्थ्य दूत नियुक्त गरिने भएको छ । अब विद्यालय नर्सिङ कार्यक्रम लागू भएका विद्यालयमा कक्षा ७ र ८ मा अध्ययनरत विद्यार्थीले स्वास्थ्य दूतका रूपमा स्वास्थ्यसम्बन्धी आधारभूत जानकारी तथा स्वास्थ्य सजगतासम्बन्धी जानकारी फैलाउन विद्यालय नर्सलाई सघाउने छन् । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले विद्यालय स्वास्थ्य सेवा तथा नर्सिङ कार्यक्रम सञ्चालन निर्देशिकालाई परिमार्जन गरी नयाँ निर्देशिका स्वीकृत गरेका हुन् ।

यसैगरी, नियमित खोप कार्यक्रम तथा अन्य सचेतनामूलक कार्यक्रममासमेत विद्यालय स्वास्थ्य दूतलाई उपयोग गर्ने गरी मन्त्रालयले निर्देशिका परिमार्जन गरेको हो । विद्यालय स्वास्थ्य दूतलाई मन्त्रालयले दूतको परिचय र ब्याचका अलावा आवश्यक स्वास्थ्य जानकारीमूलक सामग्री पठाउने छ ।

हाल देशका सातै प्रदेशका एक हजार ३८६ विद्यालयमा कार्यक्रम लागू भइरहेको छ । पाँच सय विद्यार्थी भएका विद्यालयमा एक छात्र र एक छात्रा स्वास्थ्य दूत बन्ने छन् । उनीहरूलाई मन्त्रालयको नर्सिङ महाशाखामार्फत स्थानीय तह र विद्यालयका नर्सले सचतेनामूलक कार्यक्रममा सहभागी र नेतृत्व दिलाउने छन् ।

मन्त्रालयले यस वर्ष प्रयोगका रूपमा लागू गर्ने र अगामी वर्ष बजेटमा व्यवस्था गरेर कार्यक्रमलाई थप प्रभावकारी बनाउने प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । उनले भने, 'विद्यालयमार्फत सचेतना थप प्रभावकारी हुन्छ भन्ने विश्वास छ, उनले त्यसैलाई आधार मानेर नयाँ व्यवस्था गरिएको हो ।' अहिले विद्यालय नर्स कार्यक्रमका लागि संघीय स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले प्रदेश र स्थानीय सरकारसँग सहकार्य गरिरहेको छ ।

# स्वर्णलक्ष्मी सहकारी ठगी प्रकरणमा प्रहरीले बुझायो प्रतिवेदन

**काठमाडौं (प्रस)**– जिल्ला प्रहरी परिसर काठमाडौंले कालिमाटीस्थित स्वर्णलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्थाको रकम ठगी प्रकरणमा अनुसन्धान सकेर बिहीबार आफ्नो प्रतिवेदन जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंलाई बुझाएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेसहित ४४ जनालाई प्रतिवादी बनाएर मुद्दा चलाउनुपर्ने रायसहितको प्रतिवेदन बिहीबार जिल्ला सरकारी वकिलको कार्यालयमा बुझाइएको परिसरका प्रवक्ता, प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । लामो अनुसन्धानपछि प्रहरीले बिहीबार प्रतिवेदन बुझाएको हो ।

प्रहरीका अनुसार उक्त प्रतिवेदनमा प्रतिवादीहरूमाथि एक अर्ब १९ करोड रूपैयाँ बिगो कायम गर्नुपर्ने माग गरिएको छ । स्वर्णलक्ष्मी ठगी प्रकरणमा ४४ जनामाथि नै पक्राउ पुर्जी जारी भएको प्रहरीले जनाएको छ । संगठितरूपमा नै रकम ठगी भएको प्रहरीले निष्कर्ष निकालेको छ । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले अनुसन्धान प्रतिवेदन अध्ययन गरेर अभियोजन प्रक्रिया अघि बढाउने जनाएको छ ।

पृष्ठ १ बाट क्रमश:

## छानबिनमा कठोर...

दरबार क्षेत्रले चर्चेको १८४ रोपनी चार आना एक पैसा हो । त्यसमध्ये १६४ रोपनी १३ आना दुई दाम जग्गा श्रेष्ठ परिवारले हिनामिना गरेको नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)को अनुसन्धानले देखाएको छ । सिआइबी प्रवक्ता होबिन्द्र बोगटीले उक्त जग्गा सरकारको नाममा फिर्ता ल्याउन सरकारलाई पत्राचार गरिसकिएको बताए ।

यसका साथै सार्वजनिक जग्गा गैरकानुनीरूपमा कम्पनीमा सार्ने समूहमाथि कारबाही गर्न अख्तियारलाई पनि पत्र लेखिएको उनको भनाइ छ । द्वन्द्वकालमा यो जग्गा तत्कालीन विद्रोही माओवादीले कब्जा गरेको थियो । २०६९ सालमा मोहन वैद्यको नेतृत्वमा माओवादी फुटेको र उक्त समूहबाट पनि नेत्रविक्रम चन्द नेतृत्वको एउटा उपसमूह अलग भयो । अनि चन्द नेतृत्वको दलले पार्टी झण्डा यस दरबारमा गाडे । जग्गा कब्जा गरेको घोषणा गरे ।

तर, २०७२ पछि उक्त जग्गा माओवादी नेता श्रेष्ठको स्वामित्वमा सारिएको हो । यो दरबार क्षेत्र भने तत्कालीन अधिराजकुमार बसुन्धराकी श्रीमती हेलेन शाह र विजया राज्यलक्ष्मी शाहको अंशमा परेको थियो । दरबारले चर्चेको जग्गा २०२१ मा हदबन्दी कानुन लागू भएपछि सरकारका नाममा सार्नुपर्ने थियो। तर, उक्त जग्गा व्यक्तिकै नाममा जोगाउन २०२७ मा गौरीशंकर फार्मिङ स्थापना गरी कम्पनीका नाममा राखिएको थियो ।

गौरीशंकर फार्मिङमा सञ्चालक र सेयरधनी हेलन र विजयालक्ष्मी शाह दुवै थिए । गौरीशंकर फार्मिङको नाम २०३६ मा अन्नपूर्ण फार्मिङमा परिवर्तन गरिएको थियो । फार्मिङको सेयर र जग्गा विभिन्न समयमा फरक-फरक व्यक्ति हुँदै २०७२ मा विकेश श्रेष्ठका नाममा आएको प्रहरीले अनुसन्धानमा भेटिएको छ ।

बिहीबार यसबारे संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा छलफल भयो । समिति बैठकमा सहभागी गृहमन्त्री रमेश लेखकले सेरा दरबारको जग्गा हिनामिनासम्बन्धी अनुसन्धान कार्य सम्पन्न हुन लागेको र पूर्वप्रधानमन्त्रीसमेत रहेका माओवादी अध्यक्ष दाहालले धन्यवाद दिने बेला आउन लागेको बताए । उनले दोषीलाई कारबाही गर्ने चेतावनी दिए । 'प्रचण्डजीलाई धन्यवाद दिन चाहन्छु । उहाँ सरकारलाई धन्यवाद दिन तयार भएर बस्नुभएको छ । सरकारले सेरा दरबारको अनुसन्धान गरिरहेको छ र गर्नुपर्ने काम गर्छ । र, उहाँ धन्यवाद दिन तयार भएर बस्दा हुन्छ,' उनले भने ।

यसबारे गत कात्तिक २६ मा सिआइबीले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीसँग छलफल गरेको थियो । भूमि व्यवस्था मन्त्रालयमा भएको छलफलबाट 'गौरीशंकर कृषि फार्मिङको स्वामित्वमा रहेको जमिन अन्नपूर्णमा ल्याउँदा आवश्यक कागजातको प्रकृति बुझ्ने, संयुक्त टोली बनाई स्थलगत भ्रमणमा गई उक्त जमिनमा उद्देश्यअनुरूप कृषि फर्म सञ्चालन भए/नभएको अनुगमन गर्ने भन्ने निर्णय भएको थियो ।

दरबारको जग्गा हिनामिना गरेको आरोपी श्रेष्ठ काठमाडौंको बूढानीलकण्ठ नगरपालिका-३ का हुन् । श्रेष्ठले आफू माओवादी अध्यक्ष दाहालको पूर्वस्वकीय सचिव भएका कारण जग्गा विवाद निकालिएको प्रतिक्रिया दिएका छन् । अन्नपूर्ण फार्मिङ कम्पनी आफूसहितको समूहले कानुनबमोजिम नै किनेको उनको दाबी छ । प्रधानमन्त्री कार्यालयको सक्रियतामा राजनीतिक पूर्वाग्रह झल्किने गरी माओवादीसँग जोडेर कम्पनीको जग्गासम्बन्धी विवाद निकालिएको श्रेष्ठको भनाइ छ ।

■■■

## पार्टीमा एक्लिँदै...

यसको पहिलो कारण हो, ओलीले चलाउने कारबाहीको डण्डा । जसकारण पनि नेताहरूबीच तीव्र ध्रुवीकरण बढेको बताइएको छ । एमाले महासचिव शंकर पोखरेलसमेत पछिल्लोपटक पूर्वराष्ट्रपति भण्डारीसँग निकट देखिन्छन् । ओली पार्टीभित्र कमजोर भए पनि उनका निकट नेताहरूले भने यसलाई स्वीकार्ने पक्षमा देखिन्नन् । 'ओली एकदम बलियो अवस्थामा हुनुहुन्छ । रावलजस्ता अराजकलाई राख्दा पार्टीमा क्षति पुग्छ भनेर नै कारबाही गर्नुभएको हो,' प्रधानमन्त्रीको सचिवालयको दाबी रहृयो । रावल नभएकै कारण २०७९ को निर्वाचनमा एमाले दुई पार्टी मिल्दा पनि बलियो मतका साथ दोस्रो दल बनेको सचिवालयको दाबी रहृयो ।

यद्यपि ओली विरोधी खेमाका नेताहरूले भने उनलाई 'सरप्राइज एक्जिट' दिने तयारीमा रहेको दाबी गर्छन् । 'अहिले यसबारे ओलीलाई कुनै जानकारी नदिने र सरप्राइज एक्जिट दिने तयारीमा नेताहरू लागेका छन्,' भण्डारीनिकट एक नेताले भने । यसै विषयमा कसरत गर्न नेताहरू अहिले भंगालस्थित भण्डारीनिवास पुग्न थालेका हुन् । यसअघि भण्डारी पाँच दिनसम्म पोखरा बसेर नेताहरूसँग भलाकुसारी गरेकी थिइन् । पुस ४ र ५ गते भएको फेवा संवादमा भाग लिन पुगेकी उनी थप तीन दिन पोखरा नै बसेर फर्केकी हुन् । पोखरामा एमालेका दोस्रो तहका अधिकांश नेताहरूसँग गोप्य भेटसमेत भएको बताइएको छ ।

■■■

## हवाई टिकट...

कोरोना महामारीका कारण कोरियाले सीधा उडानमार्फतमात्रै कामदार लैजाने सर्त राखेको थियो । शाखाले गत १३ कात्तिकमा हवाई टिकटका लागि बोलपत्र आह्वान गरेको थियो । जसबाट पुन: युनिभर्सल टुर्सको प्रस्ताव स्वीकृत भएको हो । उक्त ट्राभल कम्पनीले विगत तीन वर्षयता कोरिया जाने कामदारका लागि टिकटको काम गर्दै आएको छ ।


### वैदेशिक रोजगार विभागको सार्वजनिक सूचना

प्रकाशित मिति: २०८१/०८/२९

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त तपसिल बमोजिमका श्री **E.U. Bright Future Pvt.Ltd.** (ई.प.नं.११७३/०७३/०७४) को सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरू दा.खा. नामसारी गरी पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति भई तपसिल व्यक्तिको नाममा हक कायम भइसकेको हुँदा कोही कसैको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

**तपसिल**

| साविक शेयरधनीको नाम/ शेयर संख्या | कायम भइसकेको शेयरधनीको नाम/ शेयर संख्या |
|---|---|
| १. निलकण्ठ डुम्रे (०१-५००००) | १. भक्त सिंजाली (०१-५००००) |

### टुरिष्ट ल्याण्ड रिसोर्ट लिमिटेड

**(द.नं. ३५४७८५/८१/८२) को**

**विशेष साधारणसभा बस्ने सम्बन्धमा शेयरधनीलाई जारी गरिएको सूचना**

(प्रथम प्रकाशन मिति २०८१/०९/१९)

यस कम्पनीको मिति २०८१ पौष १४ गते बसेको सञ्चालक समितिको निर्णयानुसार निम्न प्रस्तावहरुमा छलफल गर्नको लागि कम्पनीको विशेष साधारण सभा निम्न मिति, स्थान र समयमा बस्ने हुँदा कम्पनीको सम्पूर्ण शेयरधनीहरूलाई अनिवार्य उपस्थितिको लागि अनुरोध गर्दछौं ।

**साधारणसभा हुने स्थान**: कम्पनीको रजिस्टर्ड कार्यालय, सुनसरी जिल्ला धरान उ.म.न.पा. वडा नं. ४ ।
**मिति**: २०८१/१०/०६, आईतबार
**समय**: विहान ११:३० बजे

**प्रस्तावहरू**:
१. **विशेष प्रस्ताव** :
(क) कर्जा लिनका लागि सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।
(ख) कम्पनीले १:८ (एक शेयरले आठ शेयर) का दरले हकप्रद शेयर निष्काशन गरी जारी पुँजी वृद्धि गर्ने ।
(ग) कम्पनीको जारी पुँजी वृद्धि गर्न प्रबन्धपत्रको दफा ६ को उपदफा (ख) संशोधन गर्ने सम्बन्धमा ।
२. **सामान्य प्रस्ताव** :
(क) इच्छुक लगानीकर्ताहरु बाट जारी गरिएको शेयर खरिदका लागि आवेदन आह्वान गर्ने सम्बन्धमा । (ख) विशेष साधारण सभाको निर्णय प्रमाणीत गर्ने शेयरधनी छनोट गर्ने सम्बन्धमा ।
(ग) विविध ।

**सञ्चालक समितिको निर्णयले**
**सञ्चालक अध्यक्ष**



### साउदीमा रोजगार — कम्पनी : AFKAR NAKHA SWEETS EST.

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ LT. No. 316361 चलानी नं. ६०२३०६८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Load & Unloading Workers | 3 | 0 | 1200 | ४३,६४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**AL-HERA OVERSEAS PVT. LTD.**
Tilganga, Ktm, Nepal, Tel: +977-1-4465886, 4465902, E-mail:alheraoverseas@ntc.net.np, jaynulrain@yahoo.com, khatunrain78692@gmail.com, Website :www.al-heraoverseas.com
श्रम इजाजत नं. ५०१/०६१/०६२

### साउदीमा रोजगार — कम्पनी : Regalraj Food Catering Services Company

पूर्व स्वीकृति मिति : २०८१/०२/२८ पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१८ LT. No. 306032 चलानी नं. ६०२००८३५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Tools Cleaning Worker | 1 | 0 | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Kitchen Worker | 1 | 0 | 1000 | ३६,४२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.** श्रम ईजाजत नं. ५७४/०६२/०६३
P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

### युएइमा रोजगार — कम्पनी : E S GLOBAL LOGISTICS LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ LT. No. 316472 चलानी नं. ६०२३०७०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Freight Handler . | 17 | 0 | 1200 | ४४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dubai Overseas International Pvt. Ltd.**
Maharajgunj-3, Kathmandu, Nepal Tel No:+977-15905763/015905351
Mobile: 984-5642103, Email Id: dubaioverseas2016@gmail.com
श्रम इजाजत नं. ७५१/०६४/०६५

### MAURITIUS मा रोजगार — कम्पनी : PICK AND BUY LIMITED

पूर्व स्वीकृति मिति : २०८१/०१/०२ पुन: विज्ञापन स्वीकृति मिति : २०८१/०९/१८ LT. No. 303424 चलानी नं.: ६०२१८२९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | BAKERY OPERATOR | 37 | 0 | 16500 | ४८,०६३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | COLD ROOM ATTENDANT | 30 | 0 | 16500 | ४८,०६३ | | | | | | | |
| 3. | Cook | 30 | 0 | 16500 | ४८,०६३ | | | | | | | |
| 4. | Meat Fish Cutter | 20 | 0 | 16500 | ४८,०६३ | | | | | | | |
| 5. | Packing Machine Operator | 20 | 0 | 16500 | ४८,०६३ | | | | | | | |
| 6. | PASTRY MAKER | 13 | 0 | 16500 | ४८,०६३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**GRACE OVERSEAS PVT. LTD.**
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np
Govt. License 852/066/067

### कतारमा रोजगार — कम्पनी : CHILIS

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ LT. No. 316444 चलानी नं. ६०२३०७२२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook) | 8 | 0 | 1300 | ४८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Chef or Cook | 3 | 0 | 1500 | ५६,४०० | | | | | | | |
| 3 | Cooker | 13 | 0 | 1500 | ५६,४०० | | | | | | | |
| 4 | Gen Clean Worker | 3 | 8 | 1200 | ४५,१२० | | | | | | | |
| 5 | Waiter | 7 | 16 | 1400 | ५२,६४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Green Tara International Overseas Services Pvt. Ltd.**
Damodar Marga,Jawalakhel, Lalitpur, Tel: +977-015442013/14
Email: greentara.overseas@gmail.com, Website : www.greentaraintl.com

### युएइमा रोजगार — कम्पनी : MEGA STAR SHIPPING SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ LT. No. 316445 चलानी नं. ६०२३०६९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 2 | 0 | 1200 | ४४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ माघ २ र ३ गते (15 & 16th Jan. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Jassim Trading & Services Pvt. Ltd.**
Near Katyayani Temple, Kathmandu-31, Nepal, Tel.: 01-5923322, 5923323 / 9805678135, 9805678136, Email: jassimtrd@gmail.com, Website: www.jassim.com.np
Govt. License No: 332/059/060


## आजको राशिफल

**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

शुक्रबार, १९ पुस, २०८१

| | |
|---|---|
| **मेष** | पहिलेको श्रम र लगानीबाट फाइदा हुनेछ । |
| **वृष** | फाइदा हेर्दा नाम बिग्रने तापनि धन आर्जन । |
| **मिथुन** | अरूको करकापमा काम गर्न बाध्य । |
| **कर्कट** | सानो प्रयत्नले कीर्तिमानी कामको सौभाग्य मिल्ने । |
| **सिंह** | रमाइलो यात्रा र भेटघाटको अवसर जुट्नेछ । |
| **कन्या** | दिन रमाइलो, नयाँ कामको प्रस्ताव आउनेछ । |
| **तुला** | सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ने । |
| **वृश्चिक** | अध्ययनमा प्रगति, लेखन तथा सिर्जनाबाट सफलता । |
| **धनु** | सफलताले हौसला, विशेष काममा जग बसाउने । |
| **मकर** | सुखद समाचारले मनको डर उत्साहमा रूपान्तरण । |
| **कुम्भ** | नयाँ काम थालनी, सहयोगीहरूले साथ मिल्ने । |
| **मीन** | दिन उत्साहवर्धक, नैतिक मर्यादा पालना । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ नि:शुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| नि:शुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर नि:शुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१९ पुस, २०८१ (३ जनवरी, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३६.५६ | १३७.१६ |
| युरो | १ को | १४२.४२ | १४३.०४ |
| पाउन्ड स्टिर्लङ | १ को | १७१.३७ | १७२.१२ |
| स्विस फ्रेन्क | १ को | १५१.६२ | १५२.२९ |
| अस्ट्रेलियन डलर | १ को | ८४.८५ | ८५.२२ |
| क्यानाडियन डलर | १ को | ९४.८३ | ९५.२४ |
| सिङ्गापुर डलर | १ को | १००.४८ | १००.९२ |
| जापानी येन | १० को | ८.६६ | ८.७० |
| चिनियाँ युआन | १ को | १८.७१ | १८.७९ |
| साउदी अरब रियाल | १ को | ३६.३६ | ३६.५२ |
| कतारी रियाल | १ को | ३७.४७ | ३७.६३ |
| थाई भाट | १ को | ४.०२ | ४.०४ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.१८ | ३७.३४ |
| मलेसियन रिङेट | १ को | ३०.५४ | ३०.६७ |
| दक्षिण कोरियन वन | १०० को | ९.२६ | ९.३० |
| स्विडिस क्रोनर | १ को | १२.४२ | १२.४८ |
| डेनिस क्रोनर | १ को | १९.१० | १९.१८ |
| हङकङ डलर | १ को | १७.५९ | १७.६७ |
| कुवेती दिनार | १ को | ४४३.१३ | ४४५.०८ |
| बहराइन दिनार | १ को | ३६१.८९ | ३६३.४८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# बर्खामा पनि मेलम्चीको पानी आपूर्ति बन्द नहुने



**काठमाडौं (प्रस)–** खानेपानीमन्त्री प्रदीप यादवले आगामी वर्षदेखि बर्खामा पनि काठमाडौंमा मेलम्चीको पानीको आपूर्ति बन्द नहुने बताएका छन् । बिहीबार मन्त्रालयमा सञ्चारकर्मीहरूसँगको कुराकानीका क्रममा मन्त्री यादवले विगतका बर्खामा काठमाडौंमा पानी आपूर्ति बन्द हुने भए पनि अब भने बाह्रै महिना पानी आपूर्ति गर्ने गरी काम भइरहेको बताएका हुन् । उनले भने, 'विगतमा बर्खा सुरु हुनेबित्तिकै मेलम्चीबाट आउने पानी बन्द हुन्थ्यो, अब भने बर्खामा पनि ल्याउने गरी काम गरिरहेका छौं ।'

मन्त्री यादवले अहिले पनि विभिन्न जिल्लाका नागरिकले डोकोमा पानी बोक्नुपर्ने अवस्था कायमै रहेकाले नागरिकले खानेपानी डोकोमा बोकेर जोहो गर्नुपर्ने अवस्थाको अन्त्य गर्नका लागि मन्त्रालयले ठोस कदम चालिरहेको उल्लेख गरे ।

उनले भने, 'म नेपालका तराई, पहाड र हिमाली जिल्लाका विकट गाउँ बस्तीमा पुगेको छु । कतिपय गाउँ त पानीका लागि बसाइँसराइ गर्नुपर्ने अवस्थामा छन् । ती क्षेत्रहरूका नागरिकका लागि शुद्ध खानेपानीको व्यवस्था गर्न म ठोस कदम चाल्दै छु ।'

मन्त्री यादवले मेलम्ची नजिकैको अर्को खोलाको पानी पनि काठमाडौं ल्याउने विषयमा अध्ययन भइरहेको बताए । मेलम्चीको पानी कुनै कारणबस ल्याउन नमिल्ने अवस्थाको विकल्पमा मकवानपुरको सिस्नेरी खोलाबाट काठमाडौं पानी ल्याउनेगरी काम भइरहेको उनको भनाइ थियो ।

देशका अधिकांश ठाउँमा अहिले पनि खानेपानीको सहज पहुँच नरहेकाले ती स्थानमा खानेपानी आयोजना सञ्चालन गरेर घरघरमा धारा र सबै नागरिकमाझ स्वच्छ, सफा खानेपानी पुऱ्याउन योजनाबद्ध ढंगले काम गरिरहेको मन्त्री यादवले उल्लेख गरे । जलस्रोतको क्षेत्रमा नेपाल धनी मुलुक हुँदा पनि यहाँका नागरिकले पानीका लागि आन्दोलन गर्नुपर्ने अनि पिठ्युँमा बोकेर खानेपानीको जोहो गर्नु आफैंमा दुःखको विषय भएको उनले बताए ।

जलवायु परिवर्तनले तराईमा पानी सुक्दै गएको र पहाड, हिमाली क्षेत्रमा जनताले पिठ्युँमा खानेपानी बोकेर जोहो गर्नुपरेको र समस्या समाधान गर्न निकै चुनौतीपूर्ण रहेकाले त्यसको समस्या समाधानका लागि खानेपानीका आयोजना सञ्चालनमा पर्याप्त बजेट व्यवस्था गरी खानेपानीको समस्या दीर्घकालीनरूपमा अन्त्य गर्न आवश्यक रहेको उनको भनाइ थियो ।

# पाँच वर्षपछि वायु गुणस्तर व्यवस्थापनसम्बन्धी उच्चस्तरीय समितिको बैठक

■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ को कार्यान्वयनको अवस्थासम्बन्धी उच्चस्तरीय समन्वय समितिको बैठक पहिलोपटक बसेको छ । उक्त कार्ययोजना आइसकेपछि वन तथा वातावरण मन्त्रालयमा समितिको बैठक बिहीबार पहिलोपटक बसेको हो । वनमन्त्री ऐनबहादुर शाही ठकुरीको अध्यक्षतामा बसेको बैठकले उपत्यकाको वायु गुणस्तर सुधारका लागि सरोकारवाला निकायबीच समन्वय गरी आवश्यक कार्य गर्ने निर्णय गरेको छ ।

बैठकमा मन्त्री शाहीले उपत्यकामा वायु प्रदूषणको विषय जटिल बनेको उल्लेख गर्दै यसको नियन्त्रण तथा व्यवस्थापनका लागि मन्त्रालयले आवश्यक भूमिका निर्वाह गरिरहेको बताए । 'यसका अझै धेरै काम गर्न बाँकी छ, जनताको स्वास्थ्यप्रति सरकार सचेत छ भनेर प्रमाणित गर्नका लागि सबैले आफ्नो क्षेत्रबाट प्रभावकारी काम गरेर देखाऔं,' उनले भने । जाडो यामसँगै फोहर, प्लास्टिक र कृषिका अवशेष बाल्ने, डढेलो लगाउनेलगायत कारणबाट प्रदूषण बढ्ने भएकाले यसबाट सचेत रहनका लागि सम्बन्धित समुदायमा सचेतना फैलाउन अपरिहार्य रहेको मन्त्री शाहीको भनाइ थियो ।

बैठकमा वन राज्यमन्त्री रूपा विकले वायु प्रदूषण नियन्त्रणका लागि कार्ययोजना कार्यान्वयनमा सरोकारवाला सबैले जोड दिनुपर्ने बताउँदै यसमा तीनै तहका सरकारबीच समन्वय हुनुपर्ने धारणा व्यक्त गरिन् । साथै उनले वायु प्रदूषणबाट महिला, बालबालिका तथा वृद्धवृद्धा बढी प्रभावित हुने भएकाले सोहीअनुसार कार्यान्वयनमा पनि जोड दिनुपर्ने बताइन् ।

वनसचिव डा. दीपककुमार खरालले वायु प्रदूषण नियन्त्रणका लागि सचेतना जगाउनु महत्त्वपूर्ण विषय भएको उल्लेख गर्दै सवारीसाधन र औद्योगिक क्षेत्रबाट निस्कने प्रदूषण नियन्त्रणका लागि विद्यमान कानुन कडाइका साथ कार्यान्वयनमा लाग्न सबैलाई आग्रह गरे । त्यस्तै मन्त्रालयको वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले कार्ययोजना कार्यान्वयनको अवस्थाबारेमा जानकारी गराएका थिए ।

बैठकमा उपस्थित समितिका सदस्यहरू अर्थ मन्त्रालय, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, भौतिक पूर्वाधार तथा यातायात, उद्योग वाणिज्य तथा आपूर्ति, खानेपानी, ऊर्जा जलस्रोत तथा सिँचाइ, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा राष्ट्रिय योजना आयोगका सचिव तथा सहसचिव एवं उपत्यकाका महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतहरूले आफ्नो निकायले वायु प्रदूषण नियन्त्रणका लागि गरिरहेका कामकारबाहीबारेमा जानकारी गराउँदै आगामी दिनमा गर्नुपर्ने थप प्रतिबद्धता व्यक्त गरेका थिए । सन् २०२१ मा नेपालमा भएको मृत्युमध्ये १९ प्रतिशत मृत्यु वायु प्रदूषणका कारणले भएको तथ्यांक छ ।

## Kaligandaki Rural Municipality

Birgha, Syangja

### Request for Quotation

**Date of publication: 3rd January 2025 (19th Poush 2081)**

1. Kaligandaki Rural Municipality, Syangja invites sealed quotation from the qualified firms. The brief description of the procurement is as follows.

| S. N. | Description | ID | RFQ Document fee | RFQ purchase and submission deadline (Date and Time) | RFQ-Opening Date and Time |
|---|---|---|---|---|---|
| 1 | Hiring a Firm for Skills Development Training | KLGD-RFQ-SQ-SDT-01-081/82 | 1000 | 18th January 2025 at 12.00 PM. | 18th January 2025 at 01.00 PM. |

2. Eligible bidders may obtain further info and inspect the bidding document at the office of Kaligandaki Rural Municipality or may Visit official website www.kaligandakimunsyangja.gov.np

***Chief Administrative Office***

## Sirijangha Rural Municipality

### Office of The Rural Municipal Executive

Tellok, Taplejung

### Invitation for Online Bids

First Date of publication: **- 2081/09/19 (03rd – Jan. 2025)**

1. **Sirijangha Rural Municipality, Tellok, Taplejung** invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding – Single Envelope Bidding Procedures Specified in public procurement Act and Regulation. The name and identification of the contract are as follows:

| S. N. | Description of Works | Contract Identification No. | Estimate Amount NRs(With VAT, PS & Contingency | Bid Security Amounts (Nrs) | Bid Document Fee (NRs) | Bid Submission Date | Bid Opening Date | Bid Validity Period |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction of Five (5) Roads Aayojana at Different Location Within Sirijangha Rural Municipality, Ward No. 3, 4 & 5, Taplejung | NCB/Works/ Roads/SRM/ 07/2081/082 | 42,50,000.00 | 1,15,000.00 | 3,000.00 | 2081/10/20 02nd Feb 2025 Noon 12:00 | 2081/10/20 02nd Feb 2025 Noon 13:00 | 90 Days |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Sirijangha Rural Municipality, Tellok, Taplejung, Facsimile no: 9769721963** or may visit PPMO website www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

## नाम परिवर्तन सम्बन्धि सूचना

तेस्रो पटक प्रकाशित मिति: २०८१/०९/१९

कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०९/१४ बमोजिम यस निर्माण नेपाल रेसिडेन्सियल स्कुल प्रा. लि. को साविकको नाम परिवर्तन भई सर्वोदय गुरुकुल प्रा.लि. भएको जानकारी सबैमा गराउँदछु ।

## मरिण गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

कपिलाकोट सिन्धुली

### भूलसुधार

**प्रकाशित मिति २०८१/९/१९**

यस कार्यालयबाट मिति २०८१/०९/१८ गते प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा बोलपत्र स्वीकृत गर्ने आसयको सूचनामा ठेक्का नं. MRM/ Sindhuli/ Works/NCB/05/2081-2082 मा निर्माण व्यवसायीको नाम र ठेगाना श्री नमोबुद्ध निर्माण सेवा क.न.पा.-६ सिन्धुली हुनपर्नेमा अन्यथा हुन गएकोले यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## ओमनमा रोजगार

कम्पनी : **WESAL SHARQIYA TRADING L.L.C**

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ | LT. No. 316328 | चलानी नं.६०२३०६७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner Public Buildings / Cleaners | 12 | 0 | 100 | ३५,६५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : **The First Beauty Of Fine Work**

पूर्व स्वीकृति मिति : २०८१/०९/१७ | LT. No. 316329 | चलानी नं.६०२३०६७३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब OR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician/GEneral Beautician | 0 | 1 | 170 | ६०,६०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hair Dress/Hair Stylist | 0 | 1 | 170 | ६०,६०५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

सान थापा निर्देशित गीतको भिडियोमा युवराजसहित प्रभात पल ठकुरी, विजय पुन, अञ्जली अधिकारी, सुशिल थापा र अनुष्काले अभिनय छ । भिडियोमा राजीव समरको नृत्य निर्देशन छ । बुद्ध थापाको छायांकन, विवेक सुनुवारको सम्पादन रहेको भिडियोको कलर सुप्रिम पराजुलीले गरेका हुन् ।

लोक र आधुनिक शैलीमा आफूले पहिलोपटक गाएको गायक चौलागाईंले बताए ।

चौलागाईं आधुनिक र फिल्मको पार्श्व गायनबाट बढी चिनिएका गायक हुन् । 'सिरफूले माया'ले लोक र आधुनिकमा पनि चिनाउने उनको बिस्वस रहेको छ । उनकै युट्युव च्यानलबाट गीत सार्वजनिक गीत गण्डकी प्रदेशमा प्रसिद्ध शीरफूले भाकामा बुनिएको भएकोले सबैले मनपराउने अपेक्षा गरिएको छ ।

# कन्दराले ल्यायो 'हुनेछः द सङ अफ होप'

■ प्रभाव संवाददाता




**काठमाडौं–** ग्रेगोरियन पात्रोअनुसार बुधबारदेखि सुरु भएको नयाँ वर्ष इस्वी संवत् २०२५ को उपलक्ष्यमा पोखरेली लोकपप रक साङ्गीतिक समूह 'कन्दरा ब्यान्ड'ले नयाँ गीत 'हुनेछः द सङ्ग अफ होप' सार्वजनिक गरेको छ ।

साङ्गीतिक यात्राको ३२औँ वर्षमा रहेको समूहले नयाँ यात्राको सुरुआत गर्दै गीत ल्याएको गायक (भोकलिस्ट) विवेक श्रेष्ठले जानकारी दिए । उनले भने, 'हामीले सङ्गीत रुचाउने युवाको समूह स्थापना गरेर गीतसङ्गीतमा रहेको ३२ वर्ष पूरा भइसकेको छ । केही समयको अन्तरालपछि सार्वजनिक गरिएको यो गीतलाई सकारात्मक समाज निर्माण, सम्भावना, समृद्धि र स्थायित्वका विषय समेटेर तयार गरेका छौँ । यो गीत राष्ट्रभक्तहरूका लागि विशेष सान्दर्भिक छ ।' उनले गीतले नेपालीलाई आफ्नो दायित्व, जिम्मेवारी र एकताबद्ध भएर अगाडि बढ्न प्रेरणा दिने बताए ।

'हुनेछः द संग अफ होप'मा शब्द रचनासँगै सङ्गीत समूहका 'ड्रम' वादक सुनिल थापाले दिएका छन् । गीतको श्रव्यदृश्यको निर्देशन र कथा केदार भुसालले तयार गरेका हुन् । यस समूहमा 'ड्रम्स'मा सुनील थापा, 'लिड गिटार'मा देव लामा, 'बास गिटार'मा पंकज झा, मादलमा अविनाश गायक र किबोर्डमा उमेश थापा छन् । 'कन्दरा ब्यान्ड'को 'लेककी हे माया', 'बिदेसिएर गइन् उनी', 'चञ्चले कान्छीको', 'भेडी गोठैमा', 'हङकङ पोखरा', 'तगारोमा रूमाल'लगायत गीत नयाँ पुस्तामाझ लोकप्रिय छन् ।

# 'राजागंज'ले ल्यायो पोस्टर




■ प्रभाव संवाददाता

**काठमाडौं –** दीपक रौनियारको निर्देशन रहेको फिल्म 'पूजा सर : राजागंज' आगामी चैत्र १ गतेबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो । निर्माण युनिटले फिल्मको एक पोस्टर सार्वजनिक गरेको छ । सार्वजनिक पोस्टरमा फिल्मका मुख्य कलाकार दयाहाङ राई, आशा मगराती, विजय बराल र निकिता चाण्डक अटाएका छन् । पोस्टरमा दयाहाङ प्रहरी एसपीको पोसाकमा देखिएका छन् । कुनै घटनाका लागि तयार रहेको प्रहरी टोलीजस्तो देखिएको छ ।

'पूजा सर : राजागंज'लाई 'द न्यूयोर्क टाइम्स'ले हेर्नुपर्ने ९ नव निर्देशकको सूचिमा समेत राखेको थियो । फिल्मले विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलमा पुरस्कार समेत जितिसकेको छ । फिल्म 'कबी' सिरिजका निर्देशक रामबाबु गुरुङले निर्माण गरेका छन् । फिल्मलाई पुलिस थ्रिलरको जनरा भनिएको छ । फिल्ममा ऋचा शर्मा, पशुपति राई, गौमाया गुरुङ, घनश्याम मिश्रा, आरती मण्डल तथा पुष्पा यादव लगायतको अभिनय पनि देख्न सकिन्छ ।

## रंगशाला

# एन्फा महिला लिगमा वाग्मतीविरुद्ध आर्मीको सहज जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** त्रिभुवन आर्मी फुटबल क्लबले जीत हासिल गरेको छ । नेपाल फुटबल संघ (एन्फा)को राष्ट्रिय महिला लिगको दोस्रो चरणमा आर्मी सुखद सुरुआत गरेको हो ।

सातदोबाटोस्थित एन्फा मुख्यालय मैदानमा बिहिबार आर्मीले बागमती युवा क्लबविरुद्ध २-० को सहज जित निकालेको छ । आर्मीलाई जित दिलाउन दुवै गोल बिमला चौधरीले गरेकी थिइन । उनले खेलको पहिलो र दोस्रो हाफमा एक-एक गोल गरेकी हुन । विमलाले खेलको २५औं मिनेटमा विमला विकको पासलाई सदुपयोग गरेर पहिलो गोल गरेकी थिइन भने दोस्रो हाफको ७१औं मिनेटमा विमलाले फेरीदोस्रो गोल गरिर आर्मीलाई सहज जीत दिलाएकी हुन् ।



# सभापति कप राष्ट्रिय फुटबल प्रतियोगिता माघमा

■ प्रभाव संवाददाता

**पाटन–** नेपाली कांग्रेस, लोकतान्त्रिक खेलकुद सङ्घ महाधिवेशन निर्देशन समिति २०८१ को आयोजनामा सर्वाधिक राशिको सभापति कप राष्ट्रिय फुटबल प्रतियोगिता हुने भएको छ ।

महाधिवेशन निर्देशक समितिले बिहीबार पार्टीको केन्द्रीय कार्यालय सानेपामा पत्रकार सम्मेलन गरी आगामी माघ १० देखि १७ गतेसम्म उक्त प्रतियोगिता हुने जानकारी गराएको हो । प्रतियोगिताको प्रथम पुरस्कार नगद रु २६ लाख र दोस्रो पुरस्कार नगद १३ लाख रहेको महाधिवेशन निर्देशन समिति २०८१ का संयोजक मोहनबहादुर बस्नेतले जानकारी दिए ।

दशरथ रङ्गशाला त्रिपपुरेश्वरमा हुने प्रतियोगितामा राष्ट्रिस्तरका 'ए' डिभिजन क्लब र आमन्त्रित विदेशी दुई टोली सहभागी हुने जनाइएको छ । प्रतियोगितालाई अखिल नेपाल फुटबल सङ्घले प्राविधिक सहयोग उपलब्ध गराउने छ । संयोजक बस्नेतले राज्यले खेलाडीहरूको क्षमताअनुसार प्रतिभा प्रस्फुटन र उनीहरूको क्षमता अभिवृद्धिका लागि बजेट छुट्ट्याउन नसकेकाले सरकारलाई दबाब दिन प्रतियोगिता आयोजना गरिएको बताए ।

त्यसैगरी लोकतान्त्रिक खेलकुद सङ्घ महाधिवेशन निर्देशन समितिको बैठकले नयाँ खेलकुद विकास ऐन २०७७ सहित नेपाल ओलम्पिक विवादबारे सम्बन्धित निकायको ध्यानाकर्षण गराउने निर्णय गरेको छ । मुलुकको हितमा योगदान गरेका ३६ जना स्वर्गीय नेता तथा सहिदहरूको सम्मानमा नेपाल लोकतान्त्रिक खेलकुद सङ्घले देशैभर खेलकुद सञ्चालन गर्ने जनाएको छ ।

प्रतियोगिताका लागि व्यावसायिक घरानाबाट प्राप्त हुने विज्ञापन, टिकट बिक्रीबाट प्राप्त हुने रकम र पार्टीका नेता तथा शुभेच्छुकबाट प्राप्त हुने रकम खर्च गरिने आयोजकले जानकारी दिएको छ । प्रतियोगितामा रु एक करोड ५० लाख खर्च हुने अनुमान गरिएको छ ।

**मदन भण्डारी गोल्डकप**

# आर्मी र मणिमुकुन्द विजयी, एपिएफ र गल्कोटको खेल स्थगित

■ प्रभाव संवाददाता



**बुटवल–** विभागीय टोली त्रिभुवन आर्मी र मणिमुकुन्द क्लबले मदन भण्डारी गोल्डकप इन्डो नेपाल रनिङ शिल्ड भलिबल च्याम्पियनसिपमा बिहीबार जित हासिल गरेका छन् । बुटवलको रामनगर खेलमैदानमा भएको प्रतियोगिताको दोस्रो दिन आर्मीले भारतीय गुजरात स्टेट भलिबल एसोसिएसन र मणिमुकुन्द क्लबले रुकुमपश्चिम भलिबल प्रशिक्षण केन्द्रलाई पराजित गरेका हुन् । एपिएफ र गल्कोट भलिबल क्लबबीचको तेस्रो तथा अन्तिम खेल भने शीतलहरका कारण स्थगित भएको छ ।

मदन भण्डारी स्पोर्ट्स एकेडेमीले आयोजना गरेको प्रतियोगिताको पहिलो खेलमा आर्मीले गुजरातलाई ३ -१ सेटमा पराजित गरेको हो । आर्मीले खेलको पहिलो सेट १५-२५ ले गुमाए पनि खेलमा पुनरागमन गर्न सफल भयो । त्यसपछिका सेट आर्मीले २९-२७, २५-२१ र २५-२२ ले जितेको हो ।

दोस्रो खेलमा भने रूपन्देहीको मणिमुकुन्दले रुकुमपश्चिममाथि ३-० को सोझो सेटमा जित निकाल्यो । पहिलो सेटमा मणिमुकुन्दले २५-२१ ले जितेको थियो । त्यसपछिका सेट २५-१५ र २५-२१ आफ्नो बनायो ।

एपिएफ र गल्कोटबीचको खेल भने चौथो सेटको प्रतिस्पर्धा हुँदै गर्दा स्थगित गरिएको हो । खेलमा गल्कोटले २-१ को अग्रता लिएको थियो । स्थगित भएको खेल प्राविधिक र आयोजक टिम बसेर तय गरिने भलिबल विभाग प्रमुख चन्द्रवन्दना राईले बताए ।

# तिलोत्तमा मेयरकपको उपाधि १३ वडालाई

**रूपन्देही (प्रस)–** सन्तोष यादवको अर्धशतकसँगै वडा नम्बर १७ लाई पराजित गर्दै वडा नम्बर १३ ले तिलोत्तमा मेयर कप टी-२० क्रिकेट प्रतियोगिताको उपाधिका जितेको छ । नवजीवन खेलमैदानमा बिहीबार भएको फाइनलमा वडा नम्बरले तीन रनको रोमाञ्चक जित हात पारेको हो । वडा नम्बर १३ ले दिएको १२० रनको लक्ष्य पछ्याएको वडा नम्बर १७ ले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै ११६ रन मात्रै बनाउन सक्यो ।

वडा नम्बर १३ लाई जित दिलाउन अभिषेक विक र कृष्ण भुसालले समान तीन विकेट लिए । उनीहरूको कसिलो बलिङसामू वडा नम्बर १७ का ब्याटर टिकेर खेल्न सकेन ।

लालबहादुर मलाहले सर्वाधिक ३० रन बनाए । २४ बल खेलेका उनले चार चौका र एक छक्का प्रहार गरे । शिव न्यौपाने १९, सुरज चौधरी १७, सागर चौधरी १२ र घनश्याम चौधरी ११ रनमा आउट हुँदा अन्यको ब्याटबाट दोहोरो अंकमा रन बन्न सकेन । वडा नम्बर १३ का लक्ष्मण कुमाल, लोकेश पाण्डे र अमन बोहराले पनि बलिङमा समान एक विकेट आफ्नो नाममा लेखाए ।


त्यसअघि टस जितेर ब्याटिङ थालेको वडा नम्बर १३ ले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर ११९ रन बनाएको थियो । वडा नम्बर १३ का सन्तोषले सर्वाधिक ५२ रन बनाए । ४९ बल खेलेका उनले ९ चौका प्रहार गरे । कृष्ण भूसाल २०, श्रीधर बस्याल १७ र अमन बोहरा १३ रनमा आउट भए ।

वडा नम्बर १७ का सञ्जय पासवानको नाममा सर्वाधिक दुई विकेट रह्यो । फाइनल खेलको म्यान अफ द म्याच कृष्ण घोषित भए । प्रतियोगिताको उत्कृष्ट ब्याट्सम्यान वडा नम्बर १६ का विवेक अधिकारी रहे । उनले प्रतियोगिताभर १०४ रन बनाए ।

सर्वाधिक ९ विकेट लिएका वडा नम्बर ६ का जय गोदार उत्कृष्ट बलर घोषित हुँदा उत्कृष्ट फिल्डर शिव न्यौपानले, उदीयमान खेलाडी सुसान्त सुवेदी र प्रतियोगिताको उत्कृष्ट खेलाडी अमन बोहरा रहे । अमनले प्रतियोगिताभर १०९ रन बनाउनुका साथै तीन विकेट लिएका थिए ।

विजेता वडा नम्बर १३ ले ५० र उपविजेता वडा नम्बर १७ ले ३० हजार रूपैयाँ प्राप्त गरे । उत्कृष्ट खेलाडीले १० तथा उत्कृष्ट बलर, उत्कृष्ट ब्याट्सम्यान र उत्कृष्ट फिल्डरले समान पाँच हजार रूपैयाँ पाए ।

# सन् २०२४ चीनको सबैभन्दा गर्मी वर्ष



**बेइजिङ–** जलवायु परिवर्तनले चरम मौसमको वृद्धि भइरहेको विश्वमा गत वर्ष चीनको सबैभन्दा न्यानो वर्ष रहेको मौसम एजेन्सीले जनाएको छ । चीन हरितगृह ग्यासहरूको प्रमुख उत्सर्जक हो ।

वैज्ञानिकहरूका अनुसार हरितगृह ग्यासले विश्वव्यापी तापक्रम बढाइरहेको छ । तर बेइजिङले कार्बन डाइअक्साइड उत्सर्जन सन् २०३० सम्ममा चरममा पुग्ने र २०६० सम्ममा शुद्ध शून्यमा ल्याइने प्रतिबद्धता जनाएको छ ।

सन् २०२४ का लागि औसत राष्ट्रिय तापक्रम १०.९२ डिग्री सेल्सियस (५१.६६ फरेनहाइट) औसतभन्दा १.०३ डिग्री बढी थियो । यो सन् १९६१ मा पूर्ण रेकर्ड सुरु भएपछिको सबैभन्दा तातो वर्ष भएको चीन मौसम विज्ञान प्रशासनले बुधबार राति आफ्नो समाचार साइटमा बताएको छ । 'सबैभन्दा न्यानो चार वर्षहरू विगत चार वर्ष नै थिए र सन् १९६१ देखिका सबैभन्दा न्यानो शीर्ष १० वर्षहरू २१औं शताब्दीमा परेका छन्,' प्रशासनले भनेको छ ।

चीनले यस वर्ष नै जुलाईमा अवलोकनको इतिहासमै सबैभन्दा तातो महिनाका साथै अगस्ट र शरद ऋतु पनि रेकर्ड तातो भएको दर्ता गरेको छ । संयुक्त राष्ट्रसंघले सोमबार वर्षको अन्त्यमा दिएको सन्देशमा सन् २०२४ लाई विश्वव्यापीरूपमा रेकर्ड गरिएको सबैभन्दा तातो वर्ष हुने बताएको छ । विश्वव्यापी तापक्रम मुख्यतया जीवाश्म इन्धनको जलनले हुन्छ र यो केवल तापमान वृद्धिको कुरामात्र नभई वायुमण्डल र समुद्रहरूमा थप तापको प्रभाव पनि हो । तातो हावाले अधिक जल वाष्प समात्न सक्छ र तातो महासागरहरूको अर्थ अधिक वाष्पीकरण हो । यसका कारण अधिक तीव्र वर्षा र आँधीबेहरी हुन्छ । प्रभावहरू व्यापक, घातक र बढ्दो महँगो, सम्पत्तिलाई क्षति पुऱ्याउने र बालीहरू नष्ट गर्छ ।

## दर्जनौंको मृत्यु

चीनमा गत वर्ष बाढीका कारण दर्जनौंको मृत्यु भएको थियो भने हजारौंलाई सुरक्षित स्थानमा सारिएको थियो । मे महिनामा दक्षिणी चीनमा केही दिनको वर्षापछि राजमार्ग भत्किँदा ४८ जनाको मृत्यु भएको थियो । दक्षिणी सहर गुआङ्झाउका बासिन्दाहरूले रेकर्ड तोड्ने लामो गर्मीको अनुभव गरे । राज्य मिडियाका अनुसार त्यहाँ २४० दिनसम्म औसत तापक्रम २२ डिग्री सेल्सियस (७१.६ डिग्री फारेनहाइट) भन्दा माथि थियो । यसले सन् १९९४ मा २३४ दिनको रेकर्ड तोड्यो ।

सिचुआन, चोङकिङ र याङ्जी नदीको मध्य भागहरू प्रारम्भिक शरद ऋतुमा गर्मी र खडेरीबाट ग्रस्त थिए । विश्वव्यापी रूपमा सन् २०२४ मा स्पेन र केन्यामा घातक बाढी, संयुक्त राज्य अमेरिका र फिलिपिन्समा धेरै हिंसात्मक आँधीबेहरी र दक्षिण अमेरिकाभरि गम्भीर खडेरी र डढेलोहरू देखिए । प्राकृतिक प्रकोपका कारण सन् २०२४ मा तीन खर्ब १० अर्ब डलरको आर्थिक क्षति भएको जुरिचस्थित इन्स्योरेन्स जायन्ट स्विस रीले जनाएको छ ।

सन् २०१५ को पेरिस जलवायु सम्झौताले विश्वव्यापी तापक्रमलाई पूर्वऔद्योगिक स्तरभन्दा दुई डिग्री सेल्सियसभन्दा कम र सम्भव भएमा १.५ डिग्री सेल्सियसभन्दा कममा सीमित गर्ने लक्ष्य राखेको थियो । नोभेम्बरमा विश्व मौसम संगठनले जनवरी-सेप्टेम्बरको औसत सतह हावाको तापमान सन् १८५० र सन् १९०० बीच मापन गरिएको औद्योगिक पूर्वऔसतभन्दा १.५४ डिग्री सेल्सियस माथि रहेको जनायो । *रासस/एएफपी*

# पाकिस्तानः लाहोर विश्वको सबैभन्दा प्रदूषित सहर

**लाहोर (पाकिस्तान)–** आइक्युएयरको पछिल्लो वायु गुणस्तर सूचकांक (एक्युआई) को वर्गीकरणअनुसार प्रमुख विश्वव्यापी वायु गुणस्तर अनुगमन सेवाको तथ्यांकका आधारमा कराची र लाहोर विश्वका सबैभन्दा प्रदूषित सहरको सूचीमा परेका छन् । लाहोर र कराची दुवैले गम्भीर वायु प्रदूषणसँग जुझिरहेका छन् । यसले जनस्वास्थ्यका लागि ठूलो खतरा खडा गरेको छ । विशेषगरी लाहोरलाई विश्वको सबैभन्दा प्रदूषित सहरको रूपमा स्थान दिइएको छ । लाहोरको एक्युआई ३५४ छ । यसलाई बासिन्दाहरूका लागि 'खतरनाक' मानिन्छ ।

एक्सप्रेस ट्रिब्युनका अनुसार एक करोड १० लाखभन्दा बढी जनसंख्या भएको यो सहर सवारीसाधनको उत्सर्जन, औद्योगिक गतिविधिहरू र बाली जलाउने कार्यका कारण लामो समयदेखि खराब वायु गुणस्तरसँग जुधिरहेको छ । नतिजाको रूपमा विशेषगरी जाडो महिनाहरूमा जब धुवाँ सबैभन्दा तीव्र हुँदा धेरै बासिन्दाले दम र अन्य फोक्सोका रोगसहित बढ्दो श्वासप्रश्वास समस्याहरूको सामना गर्नुपरेको छ । गत महिनामा धुवाँका कारण १८ लाख ८६ हजार ५८६ जना बिरामी परेका छन् । तीमध्ये एक लाख २९ हजार, २२९ ले श्वासप्रश्वासको समस्याका लागि अस्पताल उपचार खोजिरहेका छन् ।

यसैबीच, ६१ लाख १५३ व्यक्तिमा कार्डियोथोरेसिक अवस्थाहरू अवस्था निदान गरिएको छ । त्यसैगरी दैनिक ६९ हजार ३९९ भन्दा बढी बिरामी श्वासप्रश्वासको समस्या, छाती दुख्ने वा धुवाँको कारणले स्ट्रोक भएको रिपोर्ट गरिएको छ । रिपोर्टअनुसार पाकिस्तानको सबैभन्दा ठूलो सहर कराची १६४ को एक्युआईसहित सूचीमा १३औं स्थानमा छ । यसले यो सरहलाई 'अस्वस्थ' श्रेणीमा राखेको छ । सहरको व्यस्त बन्दरगाह, भारी ट्राफिक र औद्योगिक क्षेत्रहरूले उच्च प्रदूषणको स्तरमा योगदान पुऱ्याउँछ । यसले वातावरण र जनस्वास्थ्य दुवैलाई खतरामा पारेको छ ।

वायु प्रदूषणको सामना गर्न निरन्तर प्रयासहरू भए पनि कराचीको हावाको गुणस्तर बिग्रँदै जाँदा बासिन्दाहरू, विशेषगरी पहिले नै स्वास्थ्य अवस्थाहरू भएका मानिसहरूलाई गम्भीर खतरा उत्पन्न गरेको छ। गैरसरकारी वातावरणीय संगठन क्लाइमेट एक्सन सेन्टर (सिएसी) ले यसअघि लाहोर र पञ्जाबका अन्य सहरमा धुवाँका साथै कराचीमा हालैको धुवाँलाई सवारी उत्सर्जनसँग जोडेको छ । मंगलबार कराची प्रेस क्लबमा आयोजित पत्रकार सम्मेलनमा सिएसी निर्देशक यासिर हुसेनले पेट्रोल र डिजेल सवारीसाधनहरूबाट उत्सर्जन यी सहरहरूमा प्रदूषणमा प्रमुख योगदानकर्ता भएका बताए । कराचीमा ६० प्रतिशत र लाहोरमा ८० प्रतिशत प्रदूषणका लागि जिम्मेवार छ ।

यसैबीच जाडो याममा दादुराको प्रकोपले स्वास्थ्य विशेषज्ञहरूबीच चिन्ता बढाएको छ । विशेषगरी कुपोषित, प्रतिरक्षाविहीन वा खोप नलगाएकाका लागि नाक बग्ने, ज्वरो, खोकी, रातो आँखा र छालाको चकत्तेजस्ता लक्षणहरूद्वारा चित्रित दादुरा कमजोर बच्चाहरूका लागि घातक हुनसक्छ । चिकित्सकहरूले यो अत्यधिक सरुवा रोग एक बच्चाबाट अर्को बच्चामा छिटो फैलने चेतावनी दिएका छन् । उनीहरूले आमाबाबुले आफ्ना बच्चाहरूलाई यस संक्रामक रोगबाट जोगाउन नौ महिनादेखि डेढ वर्ष उमेरका बीचमा दादुराविरुद्धको खोप लगाउन सुनिश्चित गर्नुपर्ने कुरामा जोड दिएका छन् । *रासस/एएनआई*

# बंगलादेशद्वारा राजद्रोहको आरोपमा हिन्दू भिक्षुको जमानत अस्वीकार

**चट्टगाँव (बंगलादेश)–** मुख्यतया मुस्लिम राष्ट्रमा धार्मिक द्वन्द्वपछि अल्पसंख्यकको सुरक्षाका लागि वकालत गर्ने स्पष्टवादी हिन्दू भिक्षुलाई बिहीबार बंगलादेशको अदालतले पुनः जमानत दिन अस्वीकार गरेको छ । चिन्मय कृष्ण दासलाई नोभेम्बरमा एक र्‍यालीमा कथितरूपमा बंगलादेशी झण्डाको अपमान गरेको आरोपमा पक्राउ गरिएको थियो र उनले राजद्रोहको आरोप सामना गरिरहेका छन् । अघिल्लो जमानत सुनुवाईपछि हिंसा भड्किएपछि सुरक्षा बलले दक्षिणी बन्दरगाह सहर चट्टगाँवमा रहेको अदालतलाई घेरा हालेको थियो । भिक्षुका अनुयायीहरूमाथि सरकारी वकिलको हत्या गरेको आरोप लगाइएको थियो ।

दासले राजद्रोहको आरोप अस्वीकार गरेको उनका वकिल अपूर्बाकुमार भट्टाचार्जीले बिहीबार बताए । तर सरकारी वकिल रेहानुल वाजेद चौधरीले 'अझ धेरै अनुसन्धान गर्नुपर्ने' भएकाले जमानतको विरोध गरेको बताए । अभियोजन र प्रतिरक्षा दुवैले अदालतले जमानत आवेदन अस्वीकार गरेको बताए । नोभेम्बरमा मारिएका वकिल सैफुल इस्लाम अलिफको परिवारले उनको मृत्युसँग सम्बन्धित रहेको भन्दै दुईवटा छुट्टै मुद्दा दायर गरेका छन् ।

यसमा तोडफोड र विष्फोटक पदार्थ बोकेको आरोपमा ५८ जना हिन्दू वकिल पनि छन् । गत वर्ष विद्यार्थी नेतृत्वको क्रान्तिले स्वेच्छाचारी प्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गरेपछि बंगलादेशमा धार्मिक सम्बन्ध अशान्त भएको छ । नयाँदिल्लीको हिन्दू-राष्ट्रवादी सरकार हसिनाको प्रमुख समर्थक थियो र अगस्ट ५ मा प्रधानमन्त्रीको दरबारमा आक्रमण गर्दा प्रदर्शनकारीहरूबाट भागेर ७७ वर्षीया हसिना भारतमा निर्वासनमा छिन् । *रासस/एएफपी*

---

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## जिल्ला अस्पताल तेह्रथुम

कोशी प्रदेश, तेह्रथुम, नेपाल

### सिलबन्दी दरभाउपत्र आह्वान गरिएको सूचना

**दोस्रो पटक सूचना प्रकाशन मितिः २०८१/०९/१९**

यस अस्पतालको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार अस्पतालमा उपचारार्थ भर्ना भई बेडमा बस्ने बिरामीहरूको लागि मिति २०८१ साल माघ १ गते देखि २०८२ साल पौष मसान्तसम्मको राशन बन्दोवस्त गर्नुपर्ने भएकोले सम्बन्धित क्षेत्रमा काम गर्न ईजाजत प्राप्त इच्छुक फर्मर कम्पनीबाट निवेदन पेश गर्न सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ७ (सातौ) दिन अर्थात २०८१।०९।२५ गते सम्म कार्यालय समय भित्र जिल्ला अस्पताल, तेह्रथुमको कार्यालय कोड ३७००२०५०११, नेपाल बैंक लि. शाखा कार्यालय, तेह्रथुममा रहेको राजस्व खाता नं २७००२०००००१००१००००१, राजस्व शीर्षक नं १४२२९ मा तोकिएको दस्तुर (फिर्ता नहुने गरी) जम्मा गरी दरभाउ-पत्रदाता वा निजको अधिकृत प्रतिनिधिले दरभाउ-पत्र फारम यस कार्यालयमा निवेदन पेश गरी खरिद गर्न सकिनेछ । सूचना सम्बन्धी बिस्तृत जानकारी र अन्य कुराहरु बुझ्नुपरेमा कार्यालय समयभित्र जिल्ला अस्पताल तेह्रथुमको सम्पर्क फोन नं. ०२६,४६०१८८, मो.नं. ९८५२०६०१८८, ईमेलः- dhterhathum@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| क्र.सं | ठेक्का नं | कामको विवरण | कुल लागत अनुमान | दरभाउपत्र जमानत रकम | दरभाउपत्र दस्तुर | दरभापत्र जमानतको मान्य अवधि | फारम खरिद गर्न सकिने अन्तिम मिति | कै |
|---|---|---|---|---|---|---|---|---|
| १. | DHT-SQ-081/082-02 | राशन खरिद | १३,३१,७८६।३६ | ३५,०००।- | १०००।- | ७५ दिन | २०८१।०९।२५ गते कार्यालय समय भित्र | |

---

Government of Nepal
President Chure-Terai Madhesh Conservation Development Board

## Programme Implementation Unit

Bharatpur, Chitwan

### Invitation for Bids

Date of Publication: 2081/09/19 B.S. (Jan 3, 2025 A.D.)

President Chure-Terai Madhesh Conservation Development Board, Programme Implementation Unit, Bharatpur, Chitwan, invites electronic bids from eligible bidders for the following work under National Competitive Bidding. Only eligible bidders should participate in this bidding.

| S.N. | IFB no. | Description of Work | Bid Security Nrs. | Cost of Bid doc. Nrs. | Last Date of Bid Submission and Time | Estimated Amount excluding PS, VAT & Contingency Nrs. |
|---|---|---|---|---|---|---|
| 1. | 01/PIU Chitwan/ 2081/082 | Riverbank Stabilization and Management Works at Kawasoti-1, 4 & 5, Nawalparasi (Ba.Su.East) | 1,15,000 | 3000 | *2081/10/20 at 12:00 PM* | 38,19,958.35 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of President Chure-Terai Madhesh Conservation Development Board, Programme Implementation Unit, Bharatpur, Chitwan or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

---

**युएइमा रोजगार** कम्पनी : Isam Mohammed Khairi Kabbani And Partners For Construction And Maitenance Llc

पूर्व स्वीकृति मिति : २०८०/०७/२२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 294830 | चलानी नं. ६०२०७८३२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blaster | 1 | 0 | 1200 | ४४,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Insulation Worker | 3 | 0 | 1200 | ४४,६८० | | | | | | | |
| 3 | Painter | 3 | 0 | 1200 | ४४,६८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २९ गते (13th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR — Govt. License 1631/080/081
**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753, Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np

---

**युएइमा रोजगार** कम्पनी : PARAGON ELITE SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 316462 | चलानी नं. ६०२३०७०५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | GENERAL CLENAER | 17 | 0 | 1000 | ३७,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SUCCESS NEPAL HUMAN RESOURCE PVT.LTD**
Basundhara Police Station-3, Kathmandu, Nepal, Tel: 00977-1-4110567
Email: successnepalhr@gmail.com, Web: www.successnepalhr.com
LIC No. 1128/073/074

---

**कुवेतमा रोजगार** कम्पनी : BE A QUEEN BEAUTY SALON COMPANY FOR LADIES

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 316413 | चलानी नं. ६०२३०६९६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 6 | 150 | ६६,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०
**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-32, Kathmandu, Nepal, Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com, Web: www.supremeoverseas.com.np

---

**युएईमा रोजगार** कम्पनी : SPARK SECURITY SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८०/०३/१२ | पुन विज्ञापन स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 288586 | चलानी नं. ६०२००१७८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 47 | 40 | 2000 | ७४,४७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guard - SIRA ) | 85 | 47 | 1200 | ४४,६८० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ र २७ गते (10 & 11 Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Tenduli International Employment Service Pvt. Ltd.** Govt. License 304/059/60
New Baneshwor-34 Kathmandu, Nepal. Tel: +977 1-5919243, 01-4568734, Mobile: 9851083996, 9813083335
, Email: info@tendulimanpower.com.np, Web: www.tendulimanpower.com.np

---

**कुवेतमा रोजगार** कम्पनी : Kuwait Metal Drum Factory

पूर्व स्वीकृति मिति : २०८१/०९/१८ | LT. No. 316471 | चलानी नं. ६०२३०६९९

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 25 | 0 | 100 | ४४,३५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ पौष २६ गते (10th Jan. 2025) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ९५४/०६७/६८
**VARSHA MANPOWER PVT. LTD.**
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

---

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेशनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफच्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – | प्रति तोला – | प्रति तोला – |
| १५१५०० | ० | १७९० |



**बिक्रीमा नाङ्लो** | पृथ्वी राजमार्गअन्तर्गत तनहुँको आँबुखैरेनी गाउँपालिका–२ घुम्ती सडक छेउमा बेच्न राखिएको नाङ्लो (सुपो)। यहाँका अधिकांश भुजेल समुदायले नाङ्लो, डालो बुन्ने गर्दछन्। *तस्बिर : मिला दरै/रासस*

## होटल उद्योगमा साढे पाँच खर्ब स्थायी लगानी

**काठमाडौं (प्रस)–** नेपालको होटल उद्योगमा साढे पाँच खर्ब स्थायी लगानी रहको छ । राष्ट्रिय तथ्यांक कार्यालयले बुधबार सार्वजनिक गरेको 'राष्ट्रिय होटल तथा रेस्टुरेन्ट सर्वेक्षण २०८० ' अनुसार होटलको कुल स्थायी सम्पत्ति रु पाँच खर्ब ४३ अर्ब २५ करोड ८२ लाख रहेको छ ।

तथ्यांकअनुसार होटल उद्योगमा रु साढे १० अर्बभन्दा बढी विदेशी लगानी रहेको पाइएको छ । नेपालमा एक लाख ४२ हजार दुई सय २३ होटल/रेस्टुरेन्ट रहेको तथ्यांक छ । कार्यालयका उपप्रमुख तथ्यांक अधिकारी डा हेमराज रेग्मीका अनुसार कार्यालयले गरेको यो सर्वेक्षण यस विधाको पहिलो बृहत् सर्वेक्षण हो । यसअघि 'होटल तथा लज सर्वेक्षण २०६०' गरिएको थियो । उक्त सर्वेक्षणमा आवास तथा भोजन व्यवसायसँग सम्बन्धित प्रतिष्ठान तारे होटल, रिसोर्ट र गैरतारे होटलमात्र समेटिएको थियो ।

डा. रेग्मीका अनुसार यस पटकको सर्वेक्षणमा होटल, लज, रिसोर्ट, होमस्टे, अतिथि गृह/सेवा सदन, छात्राबास/होस्टेल, रेस्टुरेन्ट तथा क्याटरिङ/पार्टी प्यालेसको विस्तृत संकलन रहेकाले यो सर्वेक्षणलाई पहिलो बृहत् सर्वेक्षण भनिएको हो । देशभरका डेढ लाख होटलमध्ये एक हजार एक सय २१ होटलमा पूर्ण विदेशी लगानी रहेको छ । जसमध्ये एक हजार ७३ होटलमा एकल लगानी र ४८ मा विदेशीको संयुक्त लगानी रहेको पाइएको छ । देशभर ५९ होटलमा भने नेपाली र विदेशी लगानीकर्ताको संयुक्त लगानी छ ।

कार्यालयले आर्थिक वर्ष २०७९/८० मा देशभरि सञ्चालनमा रहेका आवास तथा भोजन क्रियाकलाप गर्ने प्रतिष्ठानको तथ्यांक संकलन, प्रशोधन, विश्लेषण, व्यवस्थापन गरेको थियो । सर्वेक्षणबाट अर्थतन्त्रमा आतिथ्य उद्योगले पुऱ्याएको योगदानको मापन गर्न सहज हुने विश्वास लिइएको छ । विसं २०७९ साउन १ देखि २०८० असार ३० गतेसम्म सर्वेक्षण गणना गरिएको थियो । पर्यटन विभागबाट तारे होटल तथा रिसोर्ट सञ्चालन अनुमति पाएका र १० वा त्यसभन्दा बढी जनशक्ति संलग्न रहेका प्रतिष्ठानको तथ्यांक संकलन पूर्णगणना विधिबाट गरिएको कार्यालयले विज्ञप्तिमार्फत जनाएको छ ।

## 'पर्यटन क्षेत्रको समृद्धिका लागि निजी क्षेत्र अघि बढ्नुपर्छ'

■ प्रभाव संवाददाता

**काठमाडौं –** संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पर्यटन क्षेत्रको समृद्धिका लागि निजी क्षेत्र अघि बढ्नपर्ने बताएका छन् । प्रतिनिधिसभाको अन्तर्राष्ट्रियसम्बन्ध र पर्यटन समितिको बैठकमा उनले पर्यटन क्षेत्रको विकासका लागि तीन तहको सरकारलाई जोड्न सरोकारवालाको दुई वटा बैठक सम्पन्न भइसकेको जानकारी गराए ।



मन्त्री पाण्डेले भने, 'पर्यटन क्षेत्रका समस्यादेखि एयरलाइन्ससम्मका समस्या हल गर्नका लागि वृहत् रूपमा छलफलका लागि भेला गर्दै छौं, त्यसमा समितिको साथ र सहयोगको अपेक्षा गरेका छौं । पोखरा र भैरहवाको विमानस्थल नियमित सञ्चालनका लागि हामी समीक्षा गरिरहेका छौं, केही निकाय त्यहाँ गएपछि दुईवटा एयरपोर्ट नियमित सञ्चालन हुनेछन् ।' उनले पर्यटन संस्कृति नीति अन्तिम चरणमा रहेको र नागरिक उ•यनसम्बन्धी विधेयक मन्त्रिपरिषद्ले पास गरिसकेको जानकारी गराए । मन्त्रालयका सचिव डा. गणेशप्रसाद पाण्डेयले मन्त्रालयका कामकारबाहीको बारेमा जानकारी गराउँदै पुँजी, प्रविधि, जनशक्तिको समितताले अपेक्षा अनुसारको काम गर्न नसकिएको उल्लेख गरे ।

समिति सभापति राजकिशोर यदवको अध्यक्षमा भएको बैठकमा पूर्व प्रधानमन्त्री एवं समिति सदस्य माधवकुमार नेपालले निजगढ अन्तर्रास्ट्रिय विमानस्थलको विकल्पमा अरू विकल्प हुन नसक्ने भन्दै निर्माणका लागि लगानी कर्ता खोज्न आग्रह गरे । उनले भने, 'काठमाडौं एयरपोर्टको विकल्प निजगढ मात्रै हो, पहिलो प्राथमिकता दिईयोस्, ट्रान्जिटको भूमिका पनि देखिन्छ ।'

पूर्व प्रधानमन्त्री नेपालले कुनै पनि परियोजना बनाउने कुरामा हचुवाको भरमा नभइ कहाँ आवश्यक छ कहाँ छैन कुनै हिसाबकिताब गरेर मात्र गर्नुपर्ने बताए । पर्यटकलाई आकर्षित गर्न गन्तव्य ठाउँ सफा सुग्घर बनाउनुपर्ने उनको भनाइ थियो ।

सांसद प्रभू साहले निजगढ एयरपोर्टमा चासो नपुगेको र मन्त्रालयको प्राथमिकतामा किन नपरेको भनी प्रश्न गरे । साथै उनले पुरातात्विक क्षेत्रमा उत्खननका नाममा दुरूपयोग भइरहेको बताउँदै मन्त्री पाण्डेको ध्यानाकर्षण गराए । सांसद धवल शमशेर जबराले पर्यटन क्षेत्रमा स्थानीय तहलाई जिम्मेवार बनाउने कार्य राम्रो भनी प्रशंसा गरे । उनले मुलुकमा आउने पर्यटकलाई प्रोत्साहन गर्नुपर्ने सुझाव दिए ।

सांसद भीमप्रसाद आचार्यले नेपालको आफ्नो हवाई जहाज नहुँदा ६० प्रतिशत पर्यटक विदेशी कम्पनीले लिने गरेको बताए । भैरहवा र पोखरा विमानस्थल चलाउनुपर्ने उनको भनाइ थियो । उनले यसका लागि दुई छिमेकीमुलुकसँग छलफल हुन जरूरी रहेको बताए । सांसद सुदन किरातीले पशुपति धर्मशालाको निर्णयको पुनःअध्ययन गर्ने निर्णय किन गरेको हो भनी मन्त्रीसँग प्रश्न गरे । उनले निजगढ विमानस्थल विस्तृत अध्ययन गरेर मात्र निर्माण गर्नुपर्ने उल्लेख गर्दै नभए विमानस्थल घाम तापेर बस्नुपर्ने अवस्था आउनसक्छ भने ।

सांसद सुनिता बरालले पर्यटन क्षेत्रमा भूकम्पपछि क्षति भएका सम्पदा कति सम्पन्न भए कति हुन बाँकी छन् जानकारी गराउन माग गरिन् । सांसद प्रेम सुवालले मन्त्रालयको बेरूजु किन फछ्र्यौट हुन सकेको भनी प्रश्न गरे । सांसद शिशिर खनालले हवाई क्षेत्रमा नियमाक निकाय र सेवा प्रदायक निकाय छुट्याउने विषयमा प्रगति राम्रो भएको उल्लेख गरे । सांसद योगेश गौचन थकालीले नेपालमा पर्यटन क्षेत्रमा रहेका झन्झटिला प्रक्रियालाई सरलीकरण बनाउनुपर्ने बताए ।

## कर्पोरेट

### आइसिएफसी फाइनान्स र स्काइवाक टावरबीच सम्झौता



**काठमाडौं (प्रस)–** आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडका ग्राहकले स्काईवाक टावरको टिकट मूल्यमा १५ प्रतिशत छुट पाउने भएका छन् । बैंकको डेबिट कार्ड बाहक तथा मोबाइल बैंकिङ प्रयोगकर्ताहरूलाई वन्डर्स नेपाल प्रा.लि.बाट सञ्चालित कमलादी स्थित स्काईवाक टावरको टिकट मूल्यमा १५ प्रतिशत छुट प्रदान गर्ने गरी दुवै पक्षबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ । उक्त साझेदारिमा आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको तर्फबाट बजार प्रमुख सन्जोग गुरुङ्ग र वन्डर्स नेपाल प्रा.लि.को तर्फबाट प्रमुख सञ्चालन अधिकृत रोहित ज्ञावालीले हस्ताक्षर गरेका थिए ।

सम्झौता अनुसार फाइनान्सका ग्राहकहरूलाई वन्डर्स नेपालले स्काईवाक टावरमा उपलब्ध मनोरञ्जनात्मक तथा अन्य सेवाहरूमा १५ प्रतिशत छुट उपलब्ध गराउनेछ ।

### ग्लोबल आइएमई बैंकको वार्षिकोत्सवमा विशेष उपहार

**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्नो १८औं वार्षिकोत्सवको अवसरमा बैंकको फोनपे नेटवर्कमा आवद्ध भएका क्यूआर कोड मर्चेन्टहरूलाई लक्षित गरी क्यासब्याक, स्मार्टफोन र १ लाखको मुद्दती जित्ने उपहार योजनाहरू सार्वजनिक गरेको छ । ग्लोबल आइएमई बैंकले आफ्नो स्थापनाको १८औं वर्ष पुरा गरी १९ औं वर्षमा प्रबेश गरेको छ । सोहि अवसरमा यो योजना पौष १८ गते विहिबारदेखि माघ १८ शुक्रबारसम्म संचालनमा ल्याएको छ ।

यस उपहार योजनाअन्तर्गत ग्लोबल आइएमई बैंकमा आवद्ध भएका तर हाल सम्म कारोबार नगरेका मर्चेन्टहरूले यस योजनाअवधीमा रु. १८० वा सो भन्दाबढी रूपैयाँको भुक्तानी फोनपे क्यूआर कोड मार्फत् प्राप्त गर्दा भाग्यशाली १८ मर्चेन्टले दैनिक रु. १८० क्यास्ब्याक प्राप्त गर्नेछन् र योजनाअवधिभर क्यूआर कोड मार्फत भुक्तानी लिने मर्चेन्टहरू मध्य प्रत्येक हप्ता १ जना भाग्यशाली मर्चेन्टले स्मार्टफोन उपहार प्राप्त गर्नेछन् । योजना अवधिभरमा ४ जना मर्चेन्टहरूले स्मार्टफोन जित्नेछन् । साथै, बम्पर उपहारमा १ जना भाग्यशाली मर्चेन्टले ३ महिना समयावधी भएको १ लाख रकमको मुद्दती खाता योजना जित्नेछन् ।

ग्लोबल आइएमई बैंक ग्लोबल फाइनान्सको बेष्ट बैंक अवार्ड २०२४ तथा युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रूपमा सम्मानित बैंक हो । साथै, ग्लोबल आइएमई बैंक विभिन्न राष्ट्रिय तथा अन्तर ाष्ट्रिय संघ-संस्थाहरूबाट फरकफरक विधामा सम्मानित भएको छ ।

ग्लोबल आइएमई बैंक मुलुकको सतहत्तरै जिल्लामा शाखा सञ्जाल रहेको निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३५५ शाखा कार्यालय, ३८४ एटिएम, २३७ शाखा रहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १,१०० भन्दा बढि सेवा केन्द्रबाट आफ्ना ग्राहकलाई उत्कृष्ट सेवा प्रदान




गर्दै आइरहेको छ । बैंकले नेपाली नागरिकहरूलाई बैंकिङ सेवाहरू प्रदान गर्नुका अतिरिक्त विश्वका विभिन्न देशहरूबाट रेमिट्यान्स सेवा पनि दिँदै आएको छ । बैंकले संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य, क्यानडा, अस्ट्रेलिया, मलेशिया, दक्षिण कोरिया, जापान, साउदी अरब, कतार, यूएई, बहराइन, कुवेत, भारत, जोर्डन लगायत अन्य देशहरूबाट रेमिट्यान्स भित्र्याउने काम गर्दै आएको छ ।

## शाखा प्रबन्धक पक्राउबारे प्रकाशित समाचारबारे सिद्धार्थ बैंकको ध्यानाकर्षण

■ प्रभाव संवाददाता

Siddhartha Bank

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंकको जनकपुर शाखा कार्यालयका 'शाखा प्रबन्धक अर्ण बहादुर बलम्पाकी पक्राउ' एवं 'बैंकबाट कर्जा असुली प्रक्रियामा अनियमितता गरेको' भनी विभिन्न संचार माध्ययमहरूबाट प्रकाशित/प्रसारित समाचारप्रती यस बैंकको गम्भिर ध्यानाकर्षण भएको बैंकले जनाएको छ । बैंकले एक प्रेस विज्ञप्ती जारी गर्दै यस्तो जनाएको हो । वास्तविकता भन्दा बाहिर गइ सम्प्रेषित समाचारले यस बैंक, बैंकका ग्राहक, सरोकारवाला एवं सर्वसाधारणमा भ्रम सिर्जना भएकोले उक्त घटनाको सम्बन्धमा सत्य तथ्य विवरण सरोकारवाला सबैको जानकारीको लागि सम्प्रेषण गर्न आवश्यक देखिएकाले प्रेस विज्ञप्ती जारी गरिएको बैंकले जनाएको छ ।

'यस बैंकको क्षीरेश्वर शाखा कार्यालय तथा जनकपुर शाखा कार्यालयबाट कर्जा उपभोग गर्नुभएका ऋणीहरूले बैंकलाई भुक्तानी गर्नुपर्ने सावाँ एवं ब्याज निर्धारित भाखा नाघेको लामो समयसम्म पनि चुक्ता भुक्तान नगरे पश्चात बैंकले पटक-पटक मौखिक एवं लिखित रूपमा पत्राचार गरेको, ३५ दिने सार्वजनिक सूचना मार्फत जानकारी गराएको, सो समयावधी भित्र समेत कर्जा राफसाफ नगर्नु भएकोले कानून बमोजिम कर्जा असुलीको थप प्रक्रिया स्वरूप धितो लिलामीको लागि दोस्रो पटक सूचना प्रकाशन गर्दा रितपुर्वक प्राप्त बोलपत्रमध्येबाट आवश्यक प्रक्रिया पुरा गरि स्विकृत बोलपत्रदाताको नाममा दा.खा. नामसारी गरेको व्यहोरा जानकारी गराउँदछौं । यसरी बैंकले विद्यमान कानूनी प्रक्रिया एवं प्रचलित बैकिङ्ग अभ्यासको पद्धति अवलम्बन गरी सम्पन्न गरेको धितो लिलामी प्रक्रियामा असहमति जनाई ऋणी/धितोजमानतदाता समेतको संलग्नतामा मिति २०८१ साल पौष ११ गते, १२ गते तथा १४ गतेका दिन केही व्यक्तिहरूले बैंकको विद्यापति चोक, रामानन्द चोक एवं जनकपुर शाखा कार्यालयमा धर्ना दिने, नाराबाजी गर्ने लगायतका क्रियाकलाप गरि बैंक संचालनमा समेत व्यवधान खडा भएको थियो,'विज्ञप्तीमा भनिएको छ, 'बैंकले स्थानीय सुरक्षा निकायहरूसंग समन्वय गरी सो सम्बन्धमा जानकारी गराएको, सुरक्षा निकायका प्रतिनिधिहरू बैंकको जनकपुर शाखा कार्यालयमा आएपश्चात छलफल/वार्ताको लागि प्रहरी कार्यालय उपयुक्त स्थान हुनेभनी सुरक्षा निकायका पदाधिकारीहरूको सुझाव बमोजिम मिति २०८१ साल पौष ११ गतेबैंकको शाखा प्रबन्धक तथा कर्जा हेर्ने कर्मचारी समेत जिल्ला प्रहरी कार्यालयमा आवश्यक छलफलका लागि जाँदाको अवस्थालाई केही व्यक्तिहरूलेभिडियो खिची सोही आधारमा बैंकको शाखा प्रबन्धक पक्राउ भनी भ्रामक समाचार प्रशारण/प्रकाशन भएकोमा यसमा सत्यता नभएको एवं स्वीकृत कर्जाको शर्त अनुरूप बैंकको कर्जा भुक्तान नगर्नुभएका ऋणीको प्रचलित कानूनी प्रक्रिया अवलम्बन गरेर बैंकले धितो लिलामीको प्रक्रिया सम्पन्न गरेको व्यहोरा समेत जानकारी गराँउदै यस सम्बन्धमा प्रकाशित/प्रसारित समाचारमा सत्यता नरहेको व्यहोरा जानकारी गराँउदछौं ।'

विज्ञप्तीमा बैंकले विद्यमान कानूनी प्रक्रिया एवं प्रचलित बैकिङ्ग अभ्यासको पद्धति अवलम्बन गरी सम्पन्न गरेको धितो लिलामी प्रक्रियामा सम्बन्धित पक्षहरूलाई चित्त नबुझेको खण्डमा प्रचलित कानून बमोजिम सक्षम निकाय समक्ष न्यायिक उपचारका लागि जान सकिने अवस्था सदैव रहन्छ । कानूनी प्रक्रिया तर्फ नगई बैंक जस्तो संवेदनशील संस्थाको सेवा नै अवरुद्ध हुनेगरि वाधा व्यवधान सिर्जना गर्नु उचित नहुने बैंकको धारणा रहेको उल्लेख छ । साथै, बैंक जस्तो अत्यावश्यकीय सेवा प्रदान गर्ने संस्थाको सेवा निर्वाध रूपमा संचालन हुने वातावरण निर्माणका लागि सम्बन्धित सबैमा आग्रह समेत गरिएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ